# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८०।०१।२० गते।

# प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये घुस/रिसवत लिई भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८०।०१।२० गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ ।

प्रवक्ता
भोला दाहाल

**<u>देहायः</u>**

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानीत सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु दुर्गाप्रसाद पोखरेल, खेमप्रसाद काफ्ले र राजेश पोखरेल समेत भएको (वि.अ. को मु.नं (०७८-CR-००२६) वि.अ. को फैसला मिति २०७९।०९।१७ | घुस/रिसवत लिई भ्रष्टाचार गरेको। | • प्र. दुर्गा प्रसाद पोखरेलको उक्त कार्य भ्र.नि ऐन, २०५९को दफा ३ को उपदफा (१) को कसूर गरेको देखिंदा निजलाई बिगो रू.८,०००।- (आठ हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा १ को खण्ड (क) बमोजिम सजाय हुन।<br>• प्र.हरु खेम प्रसाद काफ्ले र राजेश पोखरेलले भ्र.नि ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांँश बमोजिम कसुर गर्ने व्यक्ति सरह राष्ट्रसेवकलाई नगद उपलब्ध गरेको कसुर गरेको पुष्टि भएको हुँदा प्रतिवादीहरु खेम प्रसाद काफ्ले र राजेश पोखरेल उपर बिगो रु.१३,२९२।- कायम गरी भ्र.नि ऐन, २०५९ को दफा ३को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम सजाय हुन तथा निवेदकले घुस/रिसवत वापत प्रतिवादी दुर्गा प्रसाद पोखरेल र खेम प्रसाद काफ्ले समेतलाई दिएको रकम रु.२१,०००/- निवेदकलाई फिर्ता दिलाई पाउनसमेतको मागदाबी लिइएको। | **<u>फैसलाः</u>**<br>प्रतिवादीहरुलाई सफाई ।<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• मौकामा सह-प्रतिवादी राजेश पोखरेल समेतले प्रतिवादी दुर्गाप्रसाद पोखरेललाई पोल गरी बयान गरेतापनि अदालतमा आई निजहरुले दुर्गाप्रसाद पोखरेललाई घुस दिएको होइन, छैन, प्रतिवादी खेमप्रसाद काफ्लेका साथबाट बरामद रकम टिकट र पारिश्रमिक वापतको हो भनी वयान गरेको र प्रतिवादी खेमप्रसाद काफ्ले र राजेश पोखरेलले अदालतमा आई कसुरमा इन्कारी बयान गरेको,<br>• प्रतिवादी दुर्गाप्रसाद पोखरेल उपरको आरोपदावी प्रमाणबाट पुष्टी हुन नसकेको अवस्थामा मतियार भनी आरोपित गरिएका प्रतिवादी खेमप्रसाद काफ्ले र राजेश पोखरेलका हकमा समेतको आरोपदावी समेत पुग्न सक्ने देखिन आएन,<br>• प्रतिवादीहरु उपरको आरोप मागदावी बस्तुनिष्ठ, ठोस एंव भरपर्दो प्रमाणवाट पुष्टि हुन आएको नदेखिएको। | • प्रतिवादी दुर्गा प्रसाद पोखरेलले भने बमोजिम उजुरी निवेदकसँग खेम प्रसाद काफ्लेले रु.२६,५००।— बुझि लिएको रकम मध्येवाट बिमा राजस्व बापतको रकम रु.५,३०० बुझाएको भनी प्रतिवादीहरु राजेश पोखरेलसमेतले मौकामा अनुसन्धान अधिकारी समक्ष बयान गरेको हुँदा प्रतिवादीहरु तिनैजनाले एक आपसमा मिलोमतो गरी उजुरी निवेदकलाई वैदेशिक रोगजगारीको शिलसिलामा माल्दिभ्स जानको लागि श्रम स्वीकृती काम छिटोछरितो गरिदिए बापतको घुस/रिसवतको रकम माग गरी लिने दिने कार्य गरी वारदात घटाएको पृष्टि भएको हुँदा सह-अभियुक्तको पोल वयान व्यहोरालाई प्रमाण ऐन, २०३१ को दफा ९क वमोजिम प्रमाणमा लिनु पर्ने देखिएको,<br>• खानतलासी बरामदी मुचुल्का समेतबाट प्र.हरुले वारदात घटाएको पुष्टि भएको,<br>• सह-अभियुक्तको पोललाई प्रमाणको रुपमा लिनु पर्छ भनी तारानाथ रेग्मी समेत ***विरुद्ध नेपाल सरकार भएको (ने.का.प. २०४० नि.नं. १७३७ पृठ ४९६)*** मा सम्मानीत सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त, विपरित भई प्रतिवादीहरु दुर्गा प्रसाद पोखरेल, खेम प्रसाद काफ्ले र राजेश पोखरेललाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको,<br>• प्रतिवादीहरु उपरको आरोपदावीलाई समर्थित हुने गरी घुस/रिसवत रकम लेनदेन गर्नु अघि टेलिफोन अडियो रेकर्ड तथा CDR विवरणबाट प्रतिवादीहरु बिच पटक पटक फोन संवाद स्क्रिप्ट राईटिङ्ग कुराकानीमा प्रतिवादीहरु विच घुस/रिसवत माग गरी रकम वार्गेनिङ्ग गरेको देखिएको,<br>• उजुरकर्ता र मौकामा कागज गर्ने व्यक्तिहरुले अदालतमा आरोपमागदावीको व्यहोरालाई समर्थन हुने गरि बकपत्र गरेको,<br>• प्रमाण ऐन,२०३१ को दफा १३क. मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको। |